नेपाल सरकार

गृह मन्त्रालय

जिल्ला प्रशासन कार्यालय,पर्सा

प्रमुख जिल्ला अधिकारी श्री दिनेश सागर भुसालज्युले गरेको फैसला

मुद्दा-:क्षतिपुर्ति।

मि.नं.-६४७ , दायर मिति-:२०७८-०२-०३

फैसला मिति-२०८१-०२-२८

वादी

डम्बर बहादुर गोलेको जाहेरीले वादी नेपाल सरकार----१

प्रतिवादी

जिल्ला पर्सा जिराभवानी गा.पा.वडा नं.३ बस्ने बर्ष ३८ को रामसिंह राय थारु-----------------------१

प्रस्तुत मुद्दा यस कार्यालयको क्षेत्राधिकार भित्र पर्ने भई यस मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार छः-

तथ्य-खण्ड

१. घटना स्थल मुचुल्का, लास जाँच मुचुल्का र शव परिक्षण प्रतिवेदन
२. प्रतिवादीले चलाएको मोटरसाईकलले ठक्कर दिँदा चार जना सख्त घाईते भएको र उपचारको क्रममा अभिषेक गोले भन्ने आईतेसिंह गोलेको र मधु गोले मृत्यु भएको भन्ने डम्बर बहादुर गोलेको जाहेरी दरखास्त।
३. मैले चलाएको मोटरसाईकलले ठक्कर दिँदा चार जना सख्त घाईते भएको र उपचारको क्रममा अभिषेक गोले भन्ने आईतेसिंह गोले र मधु गोलेको मृत्यु भएकोले पक्राउ गरेको हो भन्ने प्रतिवादीको बयान कागज।
४. प्रतिवादीले चलाएको मोटरसाईकलले ठक्कर दिँदा चार जना सख्त घाईते भएकोले कडा कारवाही हुनु पर्छ भनि मौकामा बुझिएका नेमा लामा समेतको घटनाविवरण कागज।
५. प्रतिवादीले यस कार्यालयमा आई गरेको साबिती बयान ।
६. वकपत्रका लागि उपस्थित गराउन जिल्ला प्रहरी कार्यालय पर्सालाई लेखिएको यस कार्यालयको पत्र ।
७. जि.स.व.का.पर्सालाई पेशीको जानकारी भनी लेखिएको यस कार्यालयको पत्र।

ठहर-खण्ड

यसमा मिति २०७७।१२।२८ गते जिल्ला पर्सा ठोरी गा.पा.वडा नं.४ स्थित हुलाकी राजमार्ग सडकमा अभिषेक गोले भन्ने आईतेसिंह गोले, मधु गोले, संजय तामाङ र राम नेपाली बसि मोवाइल चलाई रहेको अवस्थामा पश्चिम तर्फबाट रामसिंह राय थारुले चलाई आएको ग.९ प. ९५८७ नं. को मोटरसाईकलले निजहरु चारै जनालाई ठक्कर दिँदा सख्त घाईते भएकाले निजहरुलाई तत्काल स्थानिय मानिसहरुको सहयोगमा उपचारको लागि वीरगंज स्थित एल.एस.न्यूरो एण्ड जेनरल अस्पतालमा भर्ना गरी उपचार गराउने क्रममा अभिषेक गोलेभन्ने आईतेसिंह गोले र मधु गोलेको उपचारकै क्रममा मृत्यु भएको हुँदा प्रतिवादीलाई कानून बमोजिम कारवाही गरी पाउँ भन्ने समेत व्यहोराको डम्बर बहादुर गोले समेतको जाहेरी दरखास्त रहेको, सोही व्यहोरालाई पुर्ण समर्थन हुने गरी मौकामा बुझिएका घटनाविवरणको साक्षीहरुले गरी दिएको कागज तथा अधिकार प्राप्त अधिकारी समक्ष यी प्रतिवादी गरेको बयान र यस कार्यालयमा उपस्थित भई गरेको साबिती बयान समेतको आधारमा यी प्रतिवादीले सवारी तथा यातायात व्यवस्था ऐन २०४९ को दफा १६३(१)(क) तथा सवारी तथा यातायात व्यवस्था नियमावली २०५४ को नियम ५५(२) बमोजिमको कसूर गरेको ठहर्छ । प्रतिवादी रामसिंह राय थारुबाट मृतक अभिषेक गोले भन्ने आईतेसिंह गोलेको नजिकको व्यक्तिलाई कृयाखर्च र क्षतिपुर्तिवापत रु.५५००००/- अक्षरेपी पाँच लाख पचास हजार मात्र , मृतक मधु गोले नजिकको व्यक्तिलाई कृयाखर्च र क्षतिपुर्तिवापत रु.५५००००/- अक्षरेपी पाँच लाख पचास हजार मात्र, साथै घाइते भएका संजय तामाङलाई उपचार खर्च वापत रु.३०००००/- अक्षरेपी तीन लाख मात्र र राम नेपालीलाई उपचार खर्च वापत रु.३०००००/- अक्षरेपी तीन लाख मात्र भरी भराई दिने ठहर्छ । अरुमा तपसिल बमोजिम गर्नु भनी यो फैसला गरिदिए।

तपसिल खण्ड

१.माथि इन्साफ खण्डमा लेखिए बमोजिम सवारी तथा यातायात व्यवस्था ऐन २०४९ को दफा १६३(१) (क) तथा सवारी तथा यातायात व्यवस्था नियमावली २०५४ को नियम ५५ बमोजिमको प्रतिवादी रामसिंह राय थारुबाट मृतक अभिषेक गोले भन्ने आईतेसिंह गोलेको नजिकको व्यक्तिलाई कृयाखर्च र क्षतिपुर्तिवापत रु.५५००००/- अक्षरेपी पाँच लाख पचास हजार मात्र , मृतक मधु गोले नजिकको व्यक्तिलाई कृयाखर्च र क्षतिपुर्तिवापत रु.५५००००/- अक्षरेपी पाँच लाख पचास हजार मात्र, साथै घाइते भएका संजय तामाङलाई उपचार खर्च वापत रु.३०००००/- अक्षरेपी तीन लाख मात्र र राम नेपालीलाई उपचार खर्च वापत रु.३०००००/- अक्षरेपी तीन लाख मात्र भरी भराई दिन जिल्ला प्रहरी कार्यालय,पर्सालाई पत्र लेख्नु।-------------------------------------------------१

२.प्रस्तुत फैसलामा चित नबुझे३५ दिन भित्र पर्सा जि. अदालत बी. पुरावेदन गर्नुभनी प्रतिवादीलाई पुनरावेदनको म्याद दिनु----------------------------------------१

३.फैसलाको जानकारी जिल्ला सरकारी वकिल कार्यालय पर्सालाई दिनु---------------------------------------------------------------------------------------१

४.प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गर्नु र सरोकारवालाले फैसलाको नक्कल माँग गरेमा रितपुर्वक नक्कल दिनु--------------------------------------------------१

दिनेश सागर भुसाल

प्रमुख जिल्ला अधिकारी

ईति सम्बत् २०८१ जेष्ठ महिना २८ गते सोमवार रोज २/ ने.सं. ११४४ तछलाथ्व चतुर्थी, शुभम् ........